आज मिति २०८२ साल आषाढ ०५ गते बिहिबार बडिगाड गाँउपालिका अध्यक्ष श्री गण्डकी थापा अधिकारी ज्यूको अध्यक्षतामा बडिगाड गाउँपालिका, गाउँ कार्यपालिकाको ४९ औं कार्यपालिका बैठक तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारका प्रस्तावहरु उपर छलफल गरी निर्णय गरियो।

| क्र सं | हस्ताक्षर | नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १. | | श्री गण्डकी थापा अधिकारी | अध्यक्ष | |
| २. | | श्री भिमसेन वन | उपाध्यक्ष | |
| ३. | | श्री बोम बहादुर थापा | सदस्य/वडा अध्यक्ष | |
| ४. | | श्री ढाल प्रसाद शेरचन | सदस्य/वडा अध्यक्ष | |
| ५. | | श्री खड्क बहादुर पुन | सदस्य/वडा अध्यक्ष | |
| ६. | | श्री मिलन रेश्मी | सदस्य/वडा अध्यक्ष | |
| ७. | | श्री विष्णु प्रसाद आचार्य | सदस्य/वडा अध्यक्ष | |
| ८. | | श्री विर बहादुर खत्री | सदस्य/वडा अध्यक्ष | |
| ९. | | श्री दिपेन्द्र प्रताप के.सी. | सदस्य/वडा अध्यक्ष | |
| १०. | | श्री जंग बहादुर बलाल थापा | सदस्य/वडा अध्यक्ष | |
| ११. | | श्री कृष्ण बहादुर के.सी. | सदस्य/वडा अध्यक्ष | |
| १२. | | श्री विरेन्द्र कुमार बुढा | सदस्य/वडा अध्यक्ष | |
| १३. | | श्री चन्द्री रास्कोटी | सदस्य | |
| १४. | | श्री देवी कामी | सदस्य | |
| १५. | | श्री रबिना थापा | सदस्य | |
| १६. | | श्री रुनमाया थापा | सदस्य | |
| १७. | | श्री तिपुरे सुनार | सदस्य | |
| १८. | | श्री शान्ते विश्वकर्मा | सदस्य | |
| १९. | | श्री मुक्ति पौडेल | सदस्य सचिव | |

अन्य उपस्थिति

| | | | | |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | नरेन्द्र घर्ती | वडा सदस्य वडा नं. १ | |
| ३ | | लक्ष्मण खंडेल | अ.प्र.प्र. | |
| ४ | | | | |
| ५ | | | | |

२०८२।०३।०५ बिहिबार

<u>४९ औं कार्यापालिका बैठक</u>

<u>प्रस्ताव तथा निर्णयहरु</u>

**१. समिक्षा सम्बन्धमा ।**

अघिल्लो बैठकको समिक्षा गरियो । अधिकांश निर्णयहरु कार्यान्वयन भएको र सन्तोषजनक नतिजा प्राप्तिको अवस्था रहेको पाइयो ।

**२. नागरिकता प्रदान गर्न सिफारिस गर्ने सम्बन्धमा ।**

बडिगाड गाउँपालिका वडा नं ५ को वडा समितको बैठकबाट निर्णय भइ आएको बडिगाड गाउँपालिका वडा नं ५ साविक ग्वालिचौर बस्ने भोजराज पाध्याको छोरी माया घिमिरेको एक मात्र सन्तान आकाश शर्मा लाई वंशजको आधारमा नागरिकता प्रदान गर्नका लागि इलाका प्रशासन कार्यालय वुर्तिवाङमा सिफारिस गरि पठाउने निर्णय गरियो।

**३. आर्थिक मामिला मन्त्रालयमा वडा नं ६ को भवनको भुक्तानि माग गर्ने सम्बन्धमा।**

गण्डकी प्रदेश आर्थिक मामिला मन्त्रालय र बडिगाड गाउँपालिकाको साझेदारीमा निर्माणाधिन वडा नं ६ को वडा कार्यालयको रनिङ बिल बमोजिमको रकम भुक्तानि माग भइ आएकाले साझेदारी बापतको रकम गण्डकी प्रदेश आर्थिक मामिला मन्त्रालयमा भुक्तानि माग गर्ने निर्णय गरियो।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

२०८२ आषाढ ०५ गते विहिबार